नेपाल सरकार

अर्थ मन्त्रालय



आर्थिक नीति विश्लेषण महाशाखा

सिंहदरवार, काठमाडौं | www.mof.gov.np

# आर्थिक समीक्षा बुलेटिन

# Economic Review Bulletin

साउन, २०८३

(Mid-July - Mid-August 2026)

वर्ष ८, अंक १

## सारांश

- आर्थिक वर्ष २०८३/८४ को साउन महिनामा नेपालका समग्र आर्थिक परिसूचक सकारात्मक दिशामा रहेका छन्। राजस्व परिचालनमा सुधार आई कर तथा गैरकर दुवैतर्फको सङ्कलन बढ्दा कुल राजस्व गत वर्षको सोही अवधिको तुलनामा ८.८ प्रतिशतले वृद्धि भई रु.९२ अर्ब २२ करोड पुगेको छ। यस अवधिमा आन्तरिक ऋणको साँवा भुक्तानी कम भएकोले वित्तीय व्यवस्थातर्फको खर्च २९.३ प्रतिशतले कमी आउँदा संघीय सरकारको कुल खर्च भने ९.५ प्रतिशतले घटेको छ। मुलुकको तिर्न बाँकी सार्वजनिक ऋण २०८३ असार मसान्तको तुलनामा सामान्य कमी आई कुल गार्हस्थ्य उत्पादनको ४५.१ प्रतिशत बराबर रहेको छ।
- बाह्य क्षेत्रमा वस्तु निर्यात र आयात दुवैमा उल्लेख्य वृद्धि भएको छ। कुल वस्तु निर्यात ६१.७ प्रतिशतले बढेर रु.३८ अर्ब ७० करोड पुगेको छ। आयात समेत ३१.० प्रतिशतले बढेकोले वस्तु व्यापार घाटा २४.९ प्रतिशतले विस्तार भई रु.१ खर्ब ४८ अर्ब ७४ करोड कायम भएको छ। निर्यातमा भएको उच्च वृद्धिका कारण निर्यात-आयात अनुपात सुधारिएर २०.६ प्रतिशत पुगेको छ, जुन पछिल्लो पाँच वर्षकै उच्च हो।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति बढेको छ। आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २०८२ साउनको १.६८ प्रतिशतबाट बढेर ५.९६ प्रतिशत पुगेको छ। यस अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्यवृद्धि ६.७७ प्रतिशत रहेको छ। यद्यपि, यो दर नेपाल राष्ट्र बैंकको सहनशील सीमाभित्रै रहेको छ।
- मौद्रिक तथा वित्तीय क्षेत्रमा निक्षेप र कर्जा वार्षिक विन्दुगत आधारमा क्रमशः १४.५ प्रतिशत र ७.० प्रतिशतले विस्तार भएको छ भने ब्याजदर घट्दो क्रममा रहेको छ, तर बैंक तथा वित्तीय संस्थाको निष्कृय कर्जा अनुपात भने ४.६२ प्रतिशतबाट ५.६६ प्रतिशतमा बढेको छ, जसमा निरन्तर निगरानी आवश्यक रहेको देखिन्छ।
- बाह्य क्षेत्रको स्थायित्व थप सुदृढ भएको छ। विप्रेषण आप्रवाह २१.२ प्रतिशतले बढेर रु.२ खर्ब १५ अर्ब पुग्दा चालु खाता र समग्र शोधनान्तर स्थिति दुवै बचतमा रहेका छन्। विदेशी विनिमय सञ्चिति रु.३९ खर्ब ४६ अर्ब पुगी २१.८ महिनाको वस्तु आयात धान्न पर्याप्त रहेको छ। नेपाली रुपैयाँ अमेरिकी डलरसँग सामान्य अधिमूल्यन भएको छ।
- समग्रमा, साउन २०८३ का आर्थिक परिसूचकले राजस्व, बाह्य क्षेत्र र विप्रेषणमा सुदृढीकरण देखाए पनि व्यापार घाटाको विस्तार, मुद्रास्फीतिमा आएको वृद्धि र पूँजी बजारमा देखिएको सुस्तता जस्ता चुनौती कायमै रहेका छन्। आगामी महिनाहरूमा राजस्व परिचालन, पुँजीगत खर्चको प्रभावकारी कार्यान्वयन र मूल्य स्थायित्वमा निरन्तर ध्यान दिनु आवश्यक देखिन्छ।

१. साउन महिनाका मासिक आर्थिक सूचकहरूले केही उत्साहजनक सङ्केत दिएका छन्। राजस्व सङ्कलन, वस्तु निर्यात, विप्रेषण आप्रवाह र निजी क्षेत्रतर्फ प्रवाहित कर्जा लगायतका परिसूचक सकारात्मक रहेका छन्।संघीय खर्च र पूँजी बजारमा भने केही सुस्तता देखिएको छ। मुद्रास्फीति दशकभरि औसत ५ प्रतिशतको हाराहारीमा रहे पनि साउन २०८३ मा यो केही बढेको छ, जसलाई आगामी महिनाहरूमा विशेष निगरानी गर्नु पर्ने देखिन्छ।

## राजस्व परिचालनमा सुधार, तर संघीय खर्च सङ्कुचन

### संघीय खर्च

२. आर्थिक वर्ष २०८३/८४ को साउन महिनामा संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु.४६ अर्ब ३० करोड ६१ लाखको तुलनामा ९.५ प्रतिशतले कम भई रु.४१ अर्ब ८८ करोड ५८ लाख रहेको छ। कुल खर्चमध्ये चालु खर्च ५१.१ प्रतिशत, पुँजीगत खर्च ३.२ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ४५.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च क्रमशः ३९.९ प्रतिशत, १.६ प्रतिशत र ५८.५ प्रतिशत रहेको थियो। आन्तरिक ऋणको साँवा भुक्तानी कम भएकोले वित्तीय व्यवस्थातर्फको खर्च २९.३ प्रतिशतले घटेको छ भने चालु र पुँजीगत खर्च क्रमशः १५.८ प्रतिशत र ८२.९ प्रतिशतको उच्च दरले बढेका छन्। चालु आर्थिक वर्षको कुल विनियोजनको तुलनामा साउन महिनासम्म २.० प्रतिशत मात्र खर्च भएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको साउन महिनाको खर्चको स्थिति (रु. करोडमा)**

| विवरण | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
|---|---|---|---|---|---|
| चालु खर्च | ५६५.७२ | १२१३.५८ | १२३८.२२ | १८४७.९८ | २१४०.३८ |
| पूँजीगत खर्च | १४८.४६ | ८२.३१ | ८५५.४८ | ७२.६३ | १३२.८५ |
| वित्तीय व्यवस्था | १५११.६९ | २२०७.८१ | १९२७.०६ | २७१०.०० | १९१५.३५ |
| संघीय खर्च जम्मा | २२२५.८७ | ३५०३.७० | ४०२०.७६ | ४६३०.६१ | ४१८८.५८ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८३।

### राजस्व सङ्कलन

३. चालु आर्थिक वर्षको साउन महिनामा राजस्व सङ्कलनमा सुधार आएको छ। संघीय सरकारको कुल राजस्व प्राप्ति गत आर्थिक वर्षको सोही अवधिको रु.८४ अर्ब ७८ करोड ८८ लाखको तुलनामा ८.८ प्रतिशतले वृद्धि भई रु.९२ अर्ब २२ करोड ५३ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उच्च दरले घटेको गैरकर राजस्व यस अवधिमा ८५.० प्रतिशतले बढेको छ भने कर राजस्व ५.२ प्रतिशतले बढेको छ। कुल राजस्वमा कर राजस्वको अंश ९२.४ प्रतिशत र गैरकरको अंश ७.६ प्रतिशत रहेको छ। अन्य प्राप्ति सहित कुल प्राप्ति रु.९३ अर्ब १९ करोड ६० लाख रहेको छ।

### चार्ट (क): पछिल्लो ५ आर्थिक वर्षको पहिलो महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. चालु आर्थिक वर्षको साउन महिनामा सङ्कलित कुल राजस्वमा मूल्य अभिवृद्धि कर, गैरकर राजस्व र शिक्षा सेवा शुल्कको हिस्सा बढेको छ भने भन्सार महशुल, अन्तःशुल्क र आयकरको हिस्सा घटेको छ। गत आर्थिक वर्षको साउन महिनामा गैरकर राजस्व उच्च दरले घटेका कारण कुल राजस्वमा गैरकरको हिस्सा न्यून रहेको थियो।

५. चालु आर्थिक वर्षको पहिलो महिनाको कुल राजस्वमा मूल्य अभिवृद्धि करको हिस्सा सबैभन्दा बढी ३४.३ प्रतिशत रहेको छ भने शिक्षा सेवा शुल्कको हिस्सा सबैभन्दा कम ०.६ प्रतिशत रहेको छ।

### चार्ट (ख): पछिल्लो २ आर्थिक वर्षको साउन महिनामा सङ्कलित राजस्वको संरचना







स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. चालु आर्थिक वर्षको पहिलो महिनामा गैरकर राजस्व सङ्कलन ८५.० प्रतिशत र मूल्य अभिवृद्धि कर सङ्कलन १४.७ प्रतिशत (पैठारीतर्फ १८.० प्रतिशत र उत्पादन, बिक्री तथा सेवातर्फ ११.३ प्रतिशत) ले उल्लेख्य बढेको छ। शिक्षा सेवा शुल्क ३२.२ प्रतिशत र अन्तःशुल्क ५.७ प्रतिशतले बढेको छ। अन्तःशुल्कतर्फ आन्तरिक उत्पादनमा १३.८ प्रतिशतको वृद्धि भए पनि पैठारीमा १४.७ प्रतिशतको कमी आएको छ। आयकर सङ्कलन ३.२ प्रतिशतले घटेको छ। जसमा आयकर ३.३ प्रतिशत र ब्याज कर २.९ प्रतिशतले घटेका छन्। कुल भन्सार महशुल ०.४ प्रतिशतले घटेको छ। विभागगत रूपमा भन्सार विभागको राजस्व ५.४ प्रतिशत र आन्तरिक राजस्व विभागको राजस्व ५.० प्रतिशतले बढेको छ।

**तालिका (ख): पछिल्लो दुई आर्थिक वर्षको साउन महिनाको शीर्षकगत राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**

| कर शीर्षक | २०८३/८४ को वार्षिक लक्ष्य | २०८२/८३ साउन महिनाको सङ्कलन | २०८३/८४ साउनको लक्ष्य | २०८३/८४ साउन महिनाको सङ्कलन | साउनसम्मको लक्ष्यको तुलनामा असुली % | वार्षिक लक्ष्यको तुलनामा असुली % | प्रतिशत परिवर्तन २०८३/८४ |
|---|---|---|---|---|---|---|---|
| भन्सार महशुल# | ३६३७१.१५ | १६६५.१६ | २५४५.९८ | १६५९.२६ | ६५.२ | ४.६ | (०.४) |
| मूल्य अभिवृद्धि कर | ३८८८३.५९ | २७६१.०७ | ३०५६.९६ | ३१६६.७३ | १०३.६ | ८.१ | १४.७ |
| उत्पादन, बिक्री, सेवा | १८९६१.६२ | १३६९.२५ | १६६२.४३ | १५२४.५७ | ९१.७ | ८.० | ११.३ |
| पैठारी | १९९२१.९८ | १३९१.८२ | १३९४.५४ | १६४२.१६ | ११७.८ | ८.२ | १८.० |
| अन्तःशुल्क | २५४९९.९२ | १३८९.१० | १७६४.३० | १४६८.०१ | ८३.२ | ५.८ | ५.७ |
| आन्तरिक उत्पादन | १८९८५.५५ | ९९२.२५ | १३०८.२९ | ११२९.५१ | ८६.३ | ५.९ | १३.८ |
| पैठारी | ६५१४.३७ | ३९६.८४ | ४५६.०१ | ३३८.५० | ७४.२ | ५.२ | (१४.७) |
| शिक्षा सेवा शुल्क | १२१४.९१ | ४१.६८ | ९६.९६ | ५५.०९ | ५६.८ | ४.५ | ३२.२ |
| आयकर | ३८३६२.२६ | २२४१.५७ | २९००.७६ | २१६९.९७ | ७४.८ | ५.७ | (३.२) |
| आयकर | ३४५८०.५६ | १६७१.०१ | २०७३.२३ | १६१५.९४ | ७७.९ | ४.७ | (३.३) |
| ब्याज कर | ३७८१.७० | ५७०.५६ | ८२७.५३ | ५५४.०३ | ६६.९ | १४.७ | (२.९) |
| **कुल कर राजस्व** | **१४०३३१.८३** | **८०९८.५९** | **१०३६४.९७** | **८५१९.०६** | **८२.२** | **६.१** | **५.२** |
| गैर कर राजस्व | १७७००.०० | ३८०.२९ | १४२८.४३ | ७०३.४७ | ४९.२ | ४.० | ८५.० |
| **कूल राजस्व** | **१५८०३१.८३** | **८४७८.८८** | **११७९३.४०** | **९२२२.५३** | **७८.२** | **५.८** | **८.८** |
| अन्य प्राप्ति | ०.०० | ३०.९० | - | ९७.०७ | - | - | २१४.२ |
| **जम्मा राजस्व/प्राप्ति** | **१५८०३१.८३** | **८५०९.७७** | **११७९३.४०** | **९३१९.६०** | **७९.०** | **५.९** | **९.५** |

स्रोतः अर्थ मन्त्रालय (राजस्व व्यवस्थापन सूचना प्रणाली)/महालेखा नियन्त्रक कार्यालय।

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

५. चालु आर्थिक वर्षको साउन महिनाका लागि निर्धारित राजस्व लक्ष्य रु.१ खर्ब १७ अर्ब ९३ करोडको तुलनामा ७८.२ प्रतिशत मात्र सङ्कलन भएको छ। मूल्य अभिवृद्धि कर मात्र मासिक लक्ष्यभन्दा बढी (१०३.६ प्रतिशत) सङ्कलन भएको छ भने अन्तःशुल्क ८३.२ प्रतिशत, आयकर ७४.८ प्रतिशत, भन्सार महशुल ६५.२ प्रतिशत, शिक्षा सेवा शुल्क ५६.८ प्रतिशत र गैरकर राजस्व ४९.२ प्रतिशत मात्र सङ्कलन भएको छ। वार्षिक लक्ष्यको तुलनामा कुल राजस्व सङ्कलन ५.८ प्रतिशत (कर राजस्व ६.१ प्रतिशत र गैरकर राजस्व ४.० प्रतिशत) रहेको छ भने अन्य प्राप्तिसहित कुल प्राप्ति वार्षिक लक्ष्यको ५.९ प्रतिशत रहेको छ।

## संघीय राजस्व

६. चालु आर्थिक वर्षको पहिलो महिनामा संघीय सरकारको राजस्व परिचालन गत आर्थिक वर्षको सोही अवधिको रू.७३ अर्ब ५२ करोड ८८ लाखको तुलनामा ७.९ प्रतिशतले वृद्धि भई रू.७९ अर्ब ३३ करोड ६६ लाख पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व भने गत आर्थिक वर्षको सोही अवधिको रू.११ अर्ब २६ करोडको तुलनामा १४.५ प्रतिशतले वृद्धि भई रू.१२ अर्ब ८८ करोड ८७ लाख पुगेको छ।

## करको दायरा विस्तार

७. २०८३ साउनसम्म स्थायी लेखा नम्बर लिने सक्रिय करदाताको कुल सङ्ख्या ८० लाख २४ हजार ९ सय ५६ पुगेको छ। साउन महिनामा मात्र १ लाख १४ हजार ९२ करदाता थप भएका छन्। कुल स्थायी लेखा नम्बरमा व्यावसायिक, करकट्टी गर्ने निकायले लिएको र व्यक्तिगत स्थायी लेखा नम्बरको अनुपात क्रमशः २७.३ प्रतिशत, ०.५ प्रतिशत र ७२.२ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ८२ हजार ३ सय ५३ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख ३४ हजार ९ सय २० पुगेको छ।

**तालिका (ग): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका सक्रिय करदाताको विवरण**

| दर्ताको प्रकार | आ.व.२०८२/८३ असार मसान्तसम्म | आ.व.२०८३/८४ को साउनमा थप | जम्मा करदाता सङ्ख्या |
|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | २१७४९९२ | १६४७१ | २१९१४६३ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ३९१६४ | ९५ | ३९२५९ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ५६९६७०८ | ९७५२६ | ५७९४२३४ |
| **जम्मा स्थायी लेखा नम्बर** | **७९१०८६४** | **११४०९२** | **८०२४९५६** |
| मूल्य अभिवृद्धि कर | ३७८२६८ | ४०८५ | ३८२३५३ |
| अन्तःशुल्क | १३२६७२ | २२४८ | १३४९२० |

स्रोतः आन्तरिक राजस्व विभाग ।

## वैदेशिक सहायता

८. चालु आर्थिक वर्षको साउन महिनामा वैदेशिक सहायता प्रतिबद्धता रु.२ अर्ब २० करोड ३८ लाख रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिबद्धता रु.८ अर्ब ६ करोड रहेको थियो। यस अवधिमा प्राप्त कुल सहायता प्रतिबद्धताको शतप्रतिशत अनुदान रहेको छ।

९. चालु आर्थिक वर्षको साउन महिनामा प्राप्त वैदेशिक सहायता प्रतिबद्धतामध्ये कृषि क्षेत्रमा सबैभन्दा बढी ७०.० प्रतिशत, शिक्षा क्षेत्रमा १७.४ प्रतिशत र अन्य क्षेत्रमा १२.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उर्जा क्षेत्रमा सबैभन्दा बढी ८४.४ प्रतिशत प्रतिबद्धता प्राप्त भएको थियो।

१०. चालु आर्थिक वर्षको साउन महिनामा नेपाल सरकारले वैदेशिक अनुदान रु.२४ करोड ३ लाख र वैदेशिक ऋण रु.३ अर्ब २९ करोड ८० लाख गरी कुल रु.३ अर्ब ५३ करोड ८३ लाख वैदेशिक सहायता (नगद) प्राप्त गरेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक अनुदान रु.४२ करोड १९ लाख र वैदेशिक ऋण रु.४ अर्ब ५७ करोड ४८ लाख प्राप्त भएको थियो। चालु आर्थिक वर्षका लागि वैदेशिक अनुदान रु.६१ अर्ब ७४ करोड ५४ लाख र वैदेशिक ऋण रु.२ खर्ब ४८ अर्ब २८ करोड परिचालन गर्ने लक्ष्य रहेको छ।

### सार्वजनिक ऋण

११. २०८३ साउन मसान्तसम्म संघीय सरकारको तिर्न बाँकी सार्वजनिक ऋण गत आर्थिक वर्षको साउन मसान्तको तुलनामा १०.९ प्रतिशतले वृद्धि भई रू.२९ खर्ब ७६ अर्ब ३३ करोड पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको ४५.१ प्रतिशत हो। कुल ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा क्रमशः ४६.३ प्रतिशत र ५३.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ४७.७ प्रतिशत र ५२.३ प्रतिशत रहेको थियो। विनिमय दरमा भएको नाफा (रु.८ अर्ब ५८ करोड) का कारण २०८३ असार मसान्तको तुलनामा साउन मसान्तमा कुल ऋण दायित्व रु.५ अर्ब ३५ करोडले घटेको छ। मुलुकको तिर्न बाँकी सार्वजनिक ऋण २०८३ असार मसान्तको तुलनामा भने ०.२ प्रतिशतले कमी आएको छ।

१२. चालु आर्थिक वर्षको साउन महिनामा संघीय सरकारले आन्तरिक ऋणतर्फ रु.१७ अर्ब र बाह्य ऋणतर्फ रु.२ अर्ब १५ करोड ३५ लाख गरी कुल रु.१९ अर्ब १५ करोड ३५ लाख साँवा भुक्तानी गरेको छ। यस अवधिमा आन्तरिक ऋणतर्फ रु.५ अर्ब ३४ करोड २ लाख र बाह्य ऋणतर्फ रु.५० करोड २४ लाख गरी कुल रु.५ अर्ब ८४ करोड २६ लाख ब्याज भुक्तानी गरेको छ। ऋण सेवा खर्चका लागि विनियोजित वार्षिक बजेटको तुलनामा साउन महिनासम्म ६.० प्रतिशत भुक्तानी भएको छ।

१३. २०८३ साउन महिनामा संघीय सरकारले आन्तरिक ऋण रु.२० अर्ब र बाह्य ऋण रु.३ अर्ब २९ करोड ८० लाख गरी कुल रु.२३ अर्ब २९ करोड ८० लाख ऋण प्राप्त गरेको छ, जुन वार्षिक ऋण परिचालन लक्ष्य रु.६ खर्ब ५८ अर्ब २८ करोडको ३.५ प्रतिशत हो। गत आर्थिक वर्षको साउन महिनामा आन्तरिक ऋण रु.४० अर्ब र बाह्य ऋण रु.४ अर्ब ५७ करोड ४८ लाख गरी कुल रु.४४ अर्ब ५७ करोड ४८ लाख ऋण प्राप्त भएको थियो।

## निक्षेप तथा कर्जा विस्तार हुँदै, ब्याजदर घट्दो तर निष्कृय कर्जा बढ्दो क्रममा

### निक्षेप तथा कर्जा

१४. २०८३ असार मसान्तको तुलनामा २०८३ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ०.३ प्रतिशत (रु.२० अर्ब ७१ करोड) ले घटी रु.८२ खर्ब ५६ अर्ब २१ करोड रहेको छ। गत आर्थिक वर्षको साउन मसान्तमा यस्तो निक्षेप ०.८ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०८३ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १४.५ प्रतिशतले वृद्धि भएको छ।

१५. २०८३ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २०८३ साउन मसान्तमा ०.४ प्रतिशत (रु.२३ अर्ब ५८ करोड) ले बढेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा ०.१ प्रतिशतले घटेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८३ साउन मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.० प्रतिशतले बढेको छ। २०८३ साउन मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा रु.५८ खर्ब ८० अर्ब ६४ करोड पुगेको छ।

### वित्तीय पहुँच विस्तार

१६. २०८३ साउन मसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १६ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०५ बैङ्क तथा वित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्। बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या २०८२ साउन मसान्तमा ११ हजार ५ सय २८ रहेकोमा २०८३ साउन मसान्तमा ११ हजार ३ सय २९ कायम भएको छ।

## ब्याजदर

१७. वाणिज्य बैङ्कको निक्षेप तथा कर्जाको ब्याजदर घट्दो क्रममा छ। २०८२ साउनमा ४.०२ प्रतिशत रहेको निक्षेपको भारित औसत ब्याजदर २०८३ साउनमा ३.१५ प्रतिशतमा झरेको छ भने यस अवधिमा कर्जाको भारित औसत ब्याजदर ७.७६ प्रतिशतबाट ६.४८ प्रतिशतमा झरेको छ। २०८१ साउनमा उक्त ब्याजदरहरु क्रमशः ५.६६ प्रतिशत र ९.६८ प्रतिशत रहेका थिए।

१८. बैङ्क तथा वित्तीय संस्थाको निष्कृय कर्जा बढेको छ। २०८३ साउन मसान्तसम्म बैङ्क तथा वित्तीय संस्थाको निष्कृय कर्जा कुल कर्जाको ५.६६ प्रतिशत पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४.६२ प्रतिशत र २०८१ साउनमा ३.८६ प्रतिशत रहेको थियो। बैङ्क तथा वित्तीय संस्थाको निष्कृय कर्जा वृद्धिको प्रवृत्तिले यस क्षेत्रको निगरानी आवश्यक रहेको देखाएको छ।

## खाद्य समूहको मूल्यवृद्धिका कारण उपभोक्ता मुद्रास्फीति सहनशील सीमाभित्रै बढ्दै

### उपभोक्ता मुद्रास्फीति

१९. २०८३ साउन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.९६ प्रतिशत रहेको छ। २०८२ साउनमा यस्तो मुद्रास्फीति १.६८ प्रतिशत रहेको थियो। पछिल्लो ५ वर्षको साउन महिनाको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति हेर्दा २०८१ र २०८२ साउनमा घट्दै गएको मुद्रास्फीति २०८३ साउनमा पुनः बढेको छ।

चार्ट(ग): पछिल्लो ५ वर्षको साउन महिनाको उपभोक्ता मुद्रास्फीति (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

२०. २०८३ साउनमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.७७ प्रतिशत र गैर—खाद्य तथा सेवा समूहको मुद्रास्फीति ५.५२ प्रतिशत रहेको छ। २०८२ साउनमा उक्त समूहको मुद्रास्फीति क्रमशः २.२८ प्रतिशत र ३.९५ प्रतिशत रहेको थियो। गत आर्थिक वर्षको साउनको तुलनामा घ्यू तथा तेल, फलफूल, माछा तथा मासु, तरकारी लगायतका खाद्य वस्तु र यातायात, मदिराजन्य पेय पदार्थ, कपडा तथा जुत्ताचप्पल लगायतका गैर—खाद्य वस्तुको मूल्यमा उल्लेख्य वृद्धि भएका कारण २०८३ साउनमा समग्र उपभोक्ता मुद्रास्फीति बढेको हो।

### मुद्राप्रदाय

२१. वार्षिक बिन्दुगत आधारमा २०८३ साउन मसान्तमा विस्तृत मुद्राप्रदाय १३.८ प्रतिशतले बढेको छ। २०८२ साउन मसान्तमा यस्तो मुद्राप्रदाय १२.५ प्रतिशतले बढेको थियो। २०८३ असार मसान्तको तुलनामा २०८३ साउन मसान्तमा भने विस्तृत मुद्राप्रदाय ०.४ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ०.७ प्रतिशतले घटेको थियो।

## उच्च वृद्धिका बाबजुद निर्यातभन्दा आयातको गति तीव्र रहँदा वस्तु व्यापार घाटा थप विस्तार

### वस्तु व्यापार

२२. वस्तु निर्यातमा भएको उच्च वृद्धिका कारण चालु आर्थिक वर्षको पहिलो महिनामा निर्यात-आयात अनुपात बढेर २०.६ प्रतिशत पुगेको छ। वस्तु आयात ३१.० प्रतिशतले बढेको छ। कुल व्यापारमा निर्यातको अंश बढेर १७.१ प्रतिशत पुगेको छ।

**तालिका (घ): पछिल्लो पाँच आर्थिक वर्षको साउन महिनाको वस्तु व्यापारको विवरण**

| विवरण | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
|---|---|---|---|---|---|
| आयात (रु.करोडमा) | १३१२९ | १२९२४ | १२८३८ | १४३०४ | १८७४४ |
| निर्यात (रु.करोडमा) | १४८१ | १३५३ | १२२३ | २३९३ | ३८७० |
| कुल व्यापार (रु.करोडमा) | १४६१० | १४२७७ | १४०६० | १६६९७ | २२६१५ |
| व्यापार घाटा (रु.करोडमा) | ११६४८ | ११५७१ | ११६१५ | ११९११ | १४८७४ |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | ११.३ | १०.५ | ९.५ | १६.७ | २०.६ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ८९.९ | ९०.५ | ९१.३ | ८५.७ | ८२.९ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | १०.१ | ९.५ | ८.७ | १४.३ | १७.१ |

स्रोतः भन्सार विभाग, २०८३।

### वस्तु निर्यात

२३. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६१.७ प्रतिशतको उल्लेख्य वृद्धि भई रु.३८ अर्ब ७० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात ९५.७ प्रतिशतले वृद्धि भई रु.२३ अर्ब ९३ करोड रहेको थियो। २०८३ साउनमा भटमासको तेल, पाम तेल, पोलिष्टर धागो, जुटका सामान, पार्टिकल बोर्ड, अलैंची लगायतका वस्तुको निर्यात बढेको छ भने औषधि (आयुर्वेदिक), प्रशोधित छाला, खोटो, जडीबुटी, नेपाली कागज तथा त्यसबाट निर्मित वस्तु लगायतका वस्तुको निर्यात घटेको छ।

२४. भारततर्फ भएको निर्यातको अंश ८५ प्रतिशत नाघेको छ। भटमासको तेल र पाम तेलको निर्यात मुख्यतः भारत केन्द्रित भएकोले कुल निर्यातमा भारततर्फ भएको निर्यातको अंश उल्लेख्य रूपमा बढ्न गएको हो। आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा भएको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ८५.९ प्रतिशत, ०.५ प्रतिशत र १३.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको पहिलो महिनामा यस्तो अंश क्रमशः ८१.३ प्रतिशत, ०.२ प्रतिशत र १८.५ प्रतिशत रहेको थियो। यस अवधिमा भारत, चीन र अन्य मुलुकतर्फ भएको वस्तु निर्यात क्रमशः ७१.० प्रतिशत, २८७.८ प्रतिशत र १८.१ प्रतिशतले बढेको छ।

### तालिका (ङ) : पछिल्लो दुई आर्थिक वर्षको साउन महिनामा निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति

(मूल्य रु. करोडमा)

| विवरण | आर्थिक वर्ष | | वृद्धिदर |
|---|---|---|---|
| | २०८२/८३ | २०८३/८४ | २०८३/८४ |
| प्रशोधित भटमासको तेल | १०६९.५८ | १७९९.३५ | ६८.२ |
| पोलिष्टर धागो | १०८.५५ | १६६.४० | ५३.३ |
| प्रशोधित पाम तेल | ७१.४६ | १६४.६८ | १३०.५ |
| जुटका सामान | ५८.२५ | ११२.६८ | ९३.४ |
| ऊनी गलैंचा | ८२.०५ | ८४.८९ | ३.५ |
| पार्टिकल बोर्ड | ३३.१२ | ७३.९३ | १२३.२ |
| तयारी पोशाक | ५१.९४ | ७०.१३ | ३५.० |
| अलैंची | ३२.१८ | ६७.५२ | १०९.८ |
| जुस | ४३.०५ | ६३.८८ | ४८.४ |
| जिङ्क सिट | २२.६४ | ५४.१८ | १३९.४ |
| अन्य वस्तु | ८२०.४४ | १२१२.७७ | ४७.८ |
| **जम्मा** | **२३९३.२४** | **३८७०.४१** | ६१.७ |

स्रोतः भन्सार विभाग, २०८३ ।

## वस्तु आयात

२५. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३१.० प्रतिशतले बढेर रु.१ खर्ब ८७ अर्ब ४४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात ११.४ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४३ अर्ब ४ करोड रहेको थियो।

२६. चालु आर्थिक वर्षको साउन महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा पेट्रोलियम पदार्थ, रासायनिक मल, खाने तेल, कच्चा भटमासको तेल, यातायातका साधन तथा पार्टपुर्जा लगायतका वस्तुको आयात बढेको छ भने धान तथा चामल, सुन, अलकत्रा, कोइला, मेडिकलका सामान तथा पार्टपुर्जा लगायतका वस्तुको आयात घटेको छ।

२७. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशबाट भएको आयातको अंश क्रमशः ५४.७ प्रतिशत, १६.९ प्रतिशत र २८.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ५८.४ प्रतिशत, १९.६ प्रतिशत र २२.० प्रतिशत रहेको थियो।

२८. चालु आर्थिक वर्षको पहिलो महिनामा भारत, चीन र अन्य देशबाट भएको वस्तु आयात क्रमशः २२.६ प्रतिशत, १३.४ प्रतिशत र ६९.० प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको सोही अवधिमा भारत, चीन र अन्य देशबाट भएको आयात क्रमशः ७.५ प्रतिशत, १४.१ प्रतिशत र २०.५ प्रतिशतले बढेको थियो।

### तालिका (च) : पछिल्लो दुई आर्थिक वर्षको साउन महिनामा आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति

(मूल्य रु. करोडमा)

| विवरण | आर्थिक वर्ष | | वृद्धिदर |
|---|---|---|---|
| | २०८२/८३ | २०८३/८४ | २०८३/८४ |
| **पेट्रोलियम पदार्थ** | १८४६.७८ | ३२४८.६९ | ७५.९ |
| **कच्चा भटमासको तेल** | १०८०.९६ | १२३९.३२ | १४.७ |
| **रासायनिक मल** | ६९७.२८ | १२३७.८७ | ७७.५ |
| **यातायातका साधन, सवारी साधन तथा पार्टपुर्जा** | ९५२.०२ | १०६१.६२ | ११.५ |

| विवरण | आर्थिक वर्ष | | वृद्धिदर |
|---|---|---|---|
| | २०८२/८३ | २०८३/८४ | २०८३/८४ |
| अन्य मेसिनरी तथा पार्टपुर्जा | ५७७.२५ | ७१३.८९ | २३.७ |
| फलामजन्य वस्तु (प्रत्यक्ष न्यूनीकरण) | ३९१.१३ | ४६१.५५ | १८.० |
| दूरसञ्चार उपकरण तथा पार्टपुर्जा | ३९४.२४ | ४४०.९१ | ११.८ |
| औषधि | ३३१.९० | ४०९.६० | २३.४ |
| खाने तेल | ८५.९३ | ३६६.२४ | ३२६.२ |
| विद्युतीय उपकरण | २७५.३८ | ३२८.९२ | १९.४ |
| अन्य वस्तु | ७६७१.२० | ९२३५.७५ | २०.४ |
| जम्मा | १४३०४.०७ | १८७४४.३६ | ३१.० |

स्रोतः भन्सार विभाग, २०८३ ।

## वस्तु व्यापार सन्तुलन

२९. आर्थिक वर्ष २०८३/८४ को साउन महिनामा वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २४.९ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४८ अर्ब ७४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा २.५ प्रतिशतले बढेर रु.१ खर्ब १९ अर्ब ११ करोड रहेको थियो। यस अवधिमा भारत, चीन र अन्य देशसँगको व्यापार घाटा क्रमशः ८.० प्रतिशत, १२.९ प्रतिशत र ७७.३ प्रतिशतले बढेको छ।

**चार्ट (घ): पछिल्लो ५ आर्थिक वर्षको साउन महिनाको वस्तु व्यापार घाटाको स्थिति**




स्रोतः भन्सार विभाग, २०८३

३०. नेपालको कुल व्यापारमा आयातको हिस्सा विगतका वर्षहरुदेखि नै उच्च रहँदै आएको छ। पछिल्ला दुई आर्थिक वर्षमा कुल वस्तु व्यापारमा निर्यातको अंश भने उल्लेख्य बढेको छ। पछिल्लो ५ आर्थिक वर्षमध्ये आर्थिक वर्ष २०७९/८० को साउन महिनामा कुल व्यापारमा निर्यातको हिस्सा १०.१ प्रतिशत रहेकोमा त्यसपछिका दुई वर्षमा यस्तो हिस्सा क्रमशः कम हुँदै गएको थियो। आर्थिक वर्ष २०८२/८३ को साउनमा १४.३ प्रतिशत रहेको निर्यातको हिस्सा चालु आर्थिक वर्षको पहिलो महिनामा बढेर १७.१ प्रतिशत पुगेको छ।

चार्ट (ङ): पछिल्लो ५ आर्थिक वर्षको साउन महिनाको कुल व्यापार संरचना (प्रतिशतमा)




स्रोतः भन्सार विभाग, २०८३

### सेवा व्यापार

३१. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु.१८ अर्ब ४४ करोडको तुलनामा ०.५ प्रतिशतले बढेर रु.१८ अर्ब ५४ करोड पुगेको छ। यस अवधिमा सेवा खर्च गत आर्थिक वर्षको सोही अवधिको रु.३१ अर्ब ६८ करोडको तुलनामा ७.३ प्रतिशतले कमी आई रू.२९ अर्ब ३६ करोड रहेको छ।

३२. आर्थिक वर्ष २०८३/८४ को साउन महिनामा खुद सेवा आय रू.१० अर्ब ८२ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू.१३ अर्ब २४ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह २१.२ प्रतिशतले बढे पनि नयाँ श्रम स्वीकृति लिने कामदार सङ्ख्यामा सुस्तता

### विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३३. चालु आर्थिक वर्षको पहिलो महिनामा विप्रेषण आप्रवाह २१.२ प्रतिशतले बढेर रू.२ खर्ब १५ अर्ब ५ करोड (१ अर्ब ४० करोड अमेरिकी डलर) पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह २९.९ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह १०.२ प्रतिशतले बढेको छ।

३४. चालु आर्थिक वर्षको साउन महिनामा वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ४.० प्रतिशतले घटेर ४२ हजार ६ सय ९३ रहेको छ। गत आर्थिक वर्षको साउनमा यस्तो सङ्ख्या २०.४ प्रतिशतले बढेर ४४ हजार ४ सय ६६ पुगेको थियो।

३५. यस अवधिमा वैदेशिक रोजगारीमा जान पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १७.४ प्रतिशतले वृद्धि भई २७ हजार ७ सय ४८ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ४.४ प्रतिशतले बढेर २३ हजार ६ सय ४४ रहेको थियो।

## चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा, विदेशी विनिमय सञ्चिति पर्याप्त

### चालु खाता एवम् शोधनान्तर स्थिति

३६. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा रहेका छन्। आर्थिक वर्ष २०८२/८३ को साउन महिनामा रू.७८ अर्ब २९ करोडले बचतमा रहेको चालु खाता चालु आर्थिक वर्षको साउन महिनामा रू.९४ अर्ब ५९ करोडले बचतमा रहेको छ। अमेरिकी डलरमा आर्थिक वर्ष २०८२/८३ को साउनमा ५६ करोड २१ लाख अमेरिकी डलरले बचतमा रहेको चालु खाता आर्थिक वर्ष २०८३/८४ को साउनमा ६१ करोड ७२ लाख अमेरिकी डलरले बचतमा रहेको छ।

३७. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा शोधनान्तर स्थिति रु.९० अर्ब ३४ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू.८९ अर्ब ३० करोडले बचतमा रहेको थियो। अमेरिकी डलरमा २०८२ साउनमा ६४ करोड १२ लाखले बचतमा रहेको शोधनान्तर स्थिति २०८३ साउनमा ५८ करोड ९५ लाखले बचतमा रहेको छ।

### विदेशी विनिमय सञ्चिति

३८. २०८३ साउन मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति २०८३ असार मसान्तको तुलनामा १.२ प्रतिशतले बढेर रू.३९ खर्ब ४६ अर्ब २३ करोड पुगेको छ। अमेरिकी डलरमा २०८३ साउन मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति २०८३ असार मसान्तको तुलनामा २.१ प्रतिशतले बढेर २५ अर्ब ८४ करोड कायम भएको छ।

३९. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा भएको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २१.८ महिनाको वस्तु आयात तथा १८.८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

### विनिमय दर

४०. २०८३ असार मसान्तको तुलनामा २०८३ साउन मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ०.९ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१५२.३९ कायम भएको छ। २०८३ असार मसान्तमा उक्त विनिमय दर रु.१५३.७२ रहेको थियो। गत आर्थिक वर्षको सोही अवधिमा नेपाली रुपैयाँ २.० प्रतिशतले अवमूल्यन भएको थियो।

### पर्यटक आगमन

४१. सन् २०२६ को अगस्टसम्म ८ महिनाको अवधिमा नेपाल आउने पर्यटकको सङ्ख्या सन् २०२५ को सोही अवधिको तुलनामा ५.६ प्रतिशतले बढेर ७ लाख ७७ हजार ६ सय ७२ पुगेको छ। सन् २०२५ को सोही अवधिमा यस्तो सङ्ख्या २.३ प्रतिशतले वृद्धि भई ७ लाख ३६ हजार ५ सय ६२ पुगेको थियो।

४२. यसैगरी, सन् २०२६ को अगस्ट महिनामा मात्र नेपाल आउने पर्यटकको सङ्ख्या ८५ हजार ४ सय ४४ रहेको छ। सन् २०२५ को अगस्टमा यस्तो सङ्ख्या ८८ हजार ६ सय ८० रहेको थियो।

४३. आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा भ्रमण आय ०.४ प्रतिशतले बढेर रु.५ अर्ब ४३ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय १४.० प्रतिशतले वृद्धि भई रु.५ अर्ब ४१ करोड रहेको थियो। यस अवधिमा भ्रमण व्यय २६.६ प्रतिशतले सङ्कुचन भई रु.१५ अर्ब ९२ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा भ्रमण व्यय २.८ प्रतिशतले घटेर रु.२१ अर्ब ७० करोड रहेको थियो।

४४. चालु आर्थिक वर्षको पहिलो महिनामा वैदेशिक अध्ययनमा गएका विद्यार्थीले रु.१० अर्ब ८० करोड बाहिर लगेका छन्। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु.१४ अर्ब ३१ करोड रहेको थियो।

## बीमाको दायरा ५२.३५ प्रतिशत पुग्दा नेप्से सूचकाङ्कमा भने सामान्य सुस्तता

### बीमा क्षेत्र

४५. २०८३ साउनसम्म जारी भएको म्यादी, लघु म्यादी र वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या २०८३ साउनमा ५२.३५ प्रतिशत पुगेको छ। २०८२ साउनमा यस्तो जनसङ्ख्या ४९.०८ प्रतिशत रहेको थियो।

४६. चालु आर्थिक वर्षको साउन महिनामा जीवन बीमकहरुले ७ लाख ४१ हजार ५ सय २१ जीवन बीमालेख जारी गरेका छन्। यसमध्ये जीवन बीमा कम्पनीहरुले ३ लाख ८५ हजार ९ सय २१, लघु जीवन बीमकहरुले २ लाख ८५ हजार ८ सय ६९ र वैदेशिक रोजगार म्यादी जीवन बीमा पुलले ६९ हजार ७ सय ३१ बीमालेख जारी गरेका छन्। यस अवधिमा जारी जीवन बीमालेखको कुल बीमाङ्क रकम रु.२ खर्ब ६० अर्ब ७४ करोड रहेको छ।

४७. २०८३ साउन महिनामा जारी भएको निर्जीवन बीमालेख सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.५ प्रतिशतले वृद्धि भई २ लाख ५४ हजार ६ सय ७ पुगेको छ। २०८२ साउनमा यस्तो सङ्ख्या २ लाख ४३ हजार ७ सय ४१ रहेको थियो।

४८. आर्थिक वर्ष २०८३/८४ को साउन महिनामा बीमा प्रिमियम बापत सङ्कलित रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३१.२ प्रतिशतले बढेर रु.३२ अर्ब २ करोड ३६ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्कलन ६.७ प्रतिशतले बढेर रु.२४ अर्ब ४१ करोड ७१ लाख रहेको थियो।

४९. यस अवधिको सङ्कलित बीमा प्रिमियममध्ये जीवन बीमा र निर्जीवन बीमातर्फ सङ्कलित बीमा प्रिमियमको हिस्सा क्रमशः ८३.१ प्रतिशत र १६.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको साउन महिनामा यस्तो हिस्सा क्रमशः ८२.० प्रतिशत र १८.० प्रतिशत रहेको थियो।

### पूँजी बजार

५०. २०८२ साउन मसान्तमा २७८८.३७ बिन्दु कायम रहेको नेप्से सूचकाङ्क २०८३ साउन मसान्तमा २६४३.८४ बिन्दु कायम भएको छ। वार्षिक बिन्दुगत आधारमा, २०८३ साउनमा धितोपत्र बजार पूँजीकरण २.३ प्रतिशतले सङ्कुचन भई रु.४५ खर्ब ४७ अर्ब ७५ करोड कायम भएको छ। २०८२ साउन मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.४६ खर्ब ५६ अर्ब २७ करोड रहेको थियो। २०८३ साउन मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीको सङ्ख्या ३०५ पुगेको छ।

**चार्ट (च): पछिल्लो ५ वर्षको साउन मसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८३

५१. २०८३ साउन महिनाको १ गते २६७७.५५ विन्दुमा रहेको नेप्से सूचकाङ्क क्रमशः बढ्दै साउन ८ गते महिनाकै अधिकतम २७३४.६१ बिन्दुमा पुगेकोमा त्यसपछिका दिनमा प्रायः घट्दै साउन २५ गते महिनाकै न्यूनतम २६४१.०६ बिन्दुमा झरेको थियो। महिनाको अन्तिम कारोबार भएको दिन साउन २९ गते नेप्से सूचकाङ्क २६४३.८४ बिन्दु कायम भएको छ।

**चार्ट (छ): २०८३ साउन महिनाको नेप्से सूचकाङ्क (बिन्दु)**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८३

## अनुसूचीः मासिक आर्थिक परिसूचकहरूको अवस्था

(साउन महिना/मसान्तको तथ्याङ्क, पछिल्ला तीन आर्थिक वर्ष)

| सूचक | एकाइ | अवधि | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | वृद्धि % (८२/८३) | वृद्धि % (८३/८४) |
|---|---|---|---|---|---|---|---|
| **वास्तविक क्षेत्र** | | | | | | | |
| कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (वार्षिक) | % | वार्षिक | ४.४३ | ३.६५* | ७.० अनुमानित | - | - |
| **सार्वजनिक वित्त** | | | | | | | |
| साउन महिना राजस्व सङ्कलन | रु. करोड | साउन | ९४७४.३० | ८४७८.८८ | ९२२२.५३ | -१०.५ | ८.८ |
| साउन महिना संघीय खर्च | रु. करोड | साउन | ४०२०.७६ | ४६३०.६१ | ४१८८.५८ | १५.२ | -९.५ |
| तिर्न बाँकी सार्वजनिक ऋण | रु. खर्ब | साउन मसान्त | २४.७३ | २६.८४ | २९.७६ | ८.५ | १०.९ |
| तिर्न बाँकी सार्वजनिक ऋण/जि.डि.पि. | % | साउन मसान्त | ४०.५ | ४३.९ | ४५.१ | - | - |
| **मुद्रास्फीति** | | | | | | | |
| उपभोक्ता मुद्रास्फीति (साउन, वार्षिक विन्दुगत) | % | साउन | ४.०९ | १.६८ | ५.९६ | - | - |
| खाद्य समूह मुद्रास्फीति | % | साउन | ६.१७ | -२.२८ | ६.७७ | - | - |
| गैर-खाद्य समूह मुद्रास्फीति | % | साउन | २.९४ | ३.९५ | ५.५२ | - | - |
| **बाह्य क्षेत्र** | | | | | | | |
| वस्तु निर्यात | रु. करोड | साउन | १२२३ | २३९३ | ३८७० | ९५.७ | ६१.७ |
| वस्तु आयात | रु. करोड | साउन | १२८३८ | १४३०४ | १८७४४ | ११.४ | ३१.० |
| वस्तु व्यापार घाटा | रु. करोड | साउन | ११६१५ | ११९११ | १४८७४ | २.५ | २४.९ |
| निर्यात-आयात अनुपात | % | साउन | ९.५ | १६.७ | २०.६ | - | - |
| विप्रेषण आप्रवाह | रु. अर्ब | साउन | १३६.६ | १७७.४१ | २१५.०५ | २९.९ | २१.२ |
| विदेशी विनिमय सञ्चिति | रु. खर्ब | साउन मसान्त | २०.९२ | २८.०६ | ३९.४६ | ३४.१ | १.२ |
| विनिमय दर (रु./अमेरिकी डलर) | रु. | साउन मसान्त | १३४.०२ | १५३.७२ | १५२.३९ | - | - |
| **मौद्रिक तथा वित्तीय क्षेत्र** | | | | | | | |
| विस्तृत मुद्राप्रदाय (म२) | रु. खर्ब | साउन मसान्त | ६९.२५ | ७७.८८ | ८८.६५ | १२.५ | १३.८ |
| निजी क्षेत्रतर्फ कर्जा (वार्षिक विन्दुगत वृद्धि) | % | साउन मसान्त | ६.५ | ७.७ | ७ | ७.७ | ७.० |
| निक्षेप (वार्षिक विन्दुगत वृद्धि) | % | साउन मसान्त | १४.९ | १२.५ | १४.५ | १२.५ | १४.५ |
| निष्कृय कर्जा अनुपात | % | साउन मसान्त | ३.८६ | ४.६२ | ५.६६ | - | - |

| सूचक | एकाइ | अवधि | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | वृद्धि % (८२/८३) | वृद्धि % (८३/८४) |
|---|---|---|---|---|---|---|---|
| **कर्जाको भारित औसत ब्याजदर** | % | साउन | ९.६८ | ७.७६ | ६.४८ | - | - |
| **वैदेशिक रोजगार, बीमा र पूँजी बजार** | | | | | | | |
| **नयाँ श्रम स्वीकृति सङ्ख्या** | **सङ्ख्या** | **साउन** | ३६९२८ | ४४४६६ | ४२६९३ | २०.४ | -४.० |
| **बीमाको दायरामा जनसङ्ख्या** | % | साउन | ४२.७ | ४९.०८ | ५२.३५ | - | - |
| **बीमा प्रिमियम सङ्कलन** | रु. अर्ब | साउन | २२.८९ | २४.४२ | ३२.०२ | ६.७ | ३१.२ |
| **नेप्से सूचकाङ्क** | बिन्दु | साउन मसान्त | ३०००.६९ | २७८८.३७ | २६४३.८४ | -७.१ | -५.२ |

नोटः वृद्धिदर/मूल्य सुधार = हरियो रङ; <० प्रतिशत वा बिग्रँदो = रातो रङ; बीचको अवस्था = पहेंलो रङ प्रयोग गरिएको। मुद्रास्फीति, निष्कृय कर्जा, ब्याजदर र व्यापार घाटा जस्ता सूचकहरूमा दिशा उल्टो (कम हुनु राम्रो) गरी रङ प्रयोग गरिएको।